# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
# Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही**

**फोन :** ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ **फ्याक्स :** ०७१-४३८९५४

Email: info@gblbs.com.np URL: www.gblbs.com.np


## लेखापरीक्षण नभएको वित्तीय विवरण

## आर्थिक वर्ष २०७७/७८ (तेस्रो त्रयमास)

रु. हजारमा

| क.स. | विवरण | मिति | | |
|---|---|---|---|---|
| | | २०७७ चैत्र मसान्त | २०७७ पौष मसान्त | २०७६ चैत्र मसान्त |
| **१** | **कुल पुंजी तथा दायित्व (१.१ देखि १.७ सम्म)** | **१६,५१५,२१०** | **१४,०९३,८७८** | **१३,००५,७०५** |
| १.१ | चुक्ता पुंजी | ९८२,५०० | ९८२,५०० | ९८२,५०० |
| १.२ | जगेडा तथा कोषहरु | ७४९,३७८ | ७७०,८८६ | ५६८,२४६ |
| १.३ | ऋणपत्र तथा बण्डहरु | – | – | – |
| १.४ | सापटी | ७,२०२,६४९ | ५,१७९,७४४ | ४,६४२,२६६ |
| १.५ | निक्षेपहरु (क+ख) | ३,९३६,९३३ | ३,७५४,६१७ | ३,५८५,२०६ |
| | क) सदस्य | ३,९३६,९३३ | ३,७५४,६१७ | ३,५८५,२०६ |
| | ख) सर्वसाधारण | – | – | – |
| १.६ | आयकर दायित्व | १२२,४९४ | ७६,४६१ | २१,९८३ |
| १.७ | अन्य दायित्व | ३,५२१,२५६ | ३,३२९,६७० | ३,२०५,५०४ |
| **२** | **कुल सम्पति (२.१ देखि २.७ सम्म)** | **१६,५१५,२१०** | **१४,०९३,८७८** | **१३,००५,७०५** |
| २.१ | नगद तथा बैंक मौज्दात | ७३२,९२१ | ७७७,९५८ | ५४६,१०४ |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – | – |
| २.३ | लगानी | १,०३२,०२५ | ३२,०२५ | ६,०७९ |
| २.४ | कर्जा तथा सापट | १२,५४०,०६३ | ११,१८९,७६२ | १०,५४२,९१५ |
| २.५ | स्थिर सम्पति | २८,८३८ | २८,६४४ | ३४,१७१ |
| २.६ | गैर बैंकिङ्ग सम्पति | – | – | – |
| २.७ | अन्य सम्पतिहरु | २,१८१,३६३ | २,०६५,४८९ | १,८७६,४३६ |
| **३** | **नाफा नोक्सान हिसाव** | | | – |
| ३.१ | ब्याज आम्दानी | १,२६४,९४६ | ८२६,३९५ | १,२१७,४६० |
| ३.२ | ब्याज खर्च | ४०३,३८५ | २६८,०९२ | ५५४,१३८ |
| ***क*** | ***खुद ब्याज आम्दानी (३.१-३.२)*** | **८६१,५६१** | **५५८,३०३** | **६६३,३२२** |
| ३.३ | कमीशन तथा अन्य सञ्चालन आम्दानी | १५८,२९० | ८७,०३२ | १२९,८९० |
| ३.४ | सटही घटवढ आम्दानी/नोक्सन (खुद) | – | – | – |
| ***ख*** | ***कुल संचालन आम्दानी (क+३.३+३.४)*** | **१,०१९,८५१** | **६४५,३३५** | **७९३,२१२** |
| ३.५ | कर्मचारी खर्च | ४८०,७०१ | ३४०,०५० | ५११,२१९ |
| ३.६ | अन्य संचालन खर्च | ७४,१६३ | ४६,७२८ | ६६,७३५ |
| ***ग*** | ***सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा (ख-३.५-३.६)*** | **४६४,९८७** | **२५८,५५७** | **२१५,२५८** |
| ३.७ | सम्भावित नोक्सानी व्यवस्थाहरु | १६७,४३२ | १०८,६४२ | १८४,२३९ |
| ***घ*** | ***सञ्चालन मुनाफा (ग-३.७)*** | **२९७,५५५** | **१४९,९१५** | **३१,०१९** |
| ३.८ | गैर सञ्चालन आम्दानी/नोक्सान (खुद) | ९३ | ९३ | – |
| ३.९ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १५१,४७८ | ७९,५५४ | ४९,५३७ |
| ***ङ*** | ***नियमित कारोवारहरुबाट भएको मुनाफा/(खर्च) (घ+३.८+३.९)*** | **४४९,१२६** | **२२९,५६२** | **८०,५५६** |
| ३.१० | असाामान्य कारोवारहरुबाट भएको आम्दानी/नोक्सान (खुद) | १८ | १८ | ४८ |
| ***च*** | ***बोनस तथा कर अघिको मुनाफा (  ३.१०)*** | **४४९,१४४** | **२२९,५८०** | **८०,६०४** |
| ३.११ | कर्मचारी बोनस व्यवस्था | ४०,८३१ | २०,८७१ | ७,३२८ |
| ३.१२ | आयकर व्यवस्था | १२२,४९४ | ६२,६१३ | २१,९८३ |
| ***छ*** | ***खुद नाफा/(नोक्सान) (च-३.११-३.१२)*** | **२८५,८१९** | **१४६,०९६** | **५१,२९३** |
| **४** | **अनुपातहरु (%)** | | | |
| ४.१ | पुँजीकोष/जोखिम भारित रकम | ८.४१% | ११.४०% | १०.५१% |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा | ३.२८% | ४.२०% | ७.८१% |
| ४.३ | कुल कर्जा बापत जोखिम व्यवस्था/ कुल निष्क्रिय कर्जा | १८४.९३% | १०९.७०% | ७३.५२% |
| ४.४ | Cost of Fund (वित्तीय लागत) | ६.०८% | ६.२२% | ९.०३% |
| ४.५ | Deposit to Credit Ratio (निक्षेप र कर्जा अनुपात) | ३१.३९% | ३३.५५% | ३४.०१% |

१. सुपरिवेक्षण गर्ने निकाय तथा वाह्य लेखापरीक्षकले माथिको अपरिस्कृत वित्तीय विवरणमा थप घट गर्न निर्देशन दिएमा परिस्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ। विगत अवधिको रकमहरुलाई आवश्यकता अनुसार पुनर्समूहकरण तथा पुर्नवर्गिकरण गरिएको छ।

**ब्याजदर**

बचतमा ५–८.५ प्रतिशत र कर्जामा १३–१५ प्रतिशत

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
## अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्वन्धित)

### आ.व. २०७७/७८ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरण :** यसै साथ प्रकाशित गरिएको छ।

**ख) प्रमुख वित्तीय अनुपातहरु :**

**प्रति शेयर आम्दानी : रू. ३८.७९ (वार्षिक)**
**मूल्य आम्दानी अनुपात : ३१.१४**
**प्रति शेयर नेटवर्थ : रू. १७६.२७**
**प्रति शेयर कूल सम्पत्ति : रू. १,६८०.९४**
**तरलता अनुपात : ६.५८ प्रतिशत**
**पूँजीकोष अनुपात : ८.४१ प्रतिशत**

**२. व्यवस्थापकीय विश्लेषण :**

क) यस अवधिमा संस्थाको मौज्दात, आम्दानी तथा तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्वन्धी विवरण : कारोवार बृद्धिसँगै संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ। निक्षेप, कर्जा तथा मुनाफा सम्वन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ।

ख) नयाँ अवसरको पहिचान सहित योजनावद्धरुपमा संस्थाको व्यवसाय बृद्धिका लागि  कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ।

ग) मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटना, कोभिड-१९ को महामारी लगायतका कारणले यस संस्थामा केही असर परेको भए तापनि संस्थाबाट उपयुक्त रणनीति एवं कार्ययोजना तर्जुमा गरी सुरक्षित ढंगले अघि बढ्ने नीति लिएकोले संस्थाको दैनिक कारोवारमा प्रतिकूल असर परेको छैन।

**३. कानुनी कारवाही सम्वन्धी विवरण :**

क) गत त्रैमासिक अवधिमा online core Banking software खरिद सम्बन्धमा र संस्थामा कार्यरत कर्मचारीले संस्थाले गरेको विभागीय कार्यबाहीको सम्बन्धमा संस्थालाई प्रतिवादी बनाई मुद्दा दायर भएको जानकारी प्राप्त भएको छ।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४) संगठित संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण :**

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकृत  भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्वन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार देहाय बमोजिम रहेको छ :

**शेयरको अधिकतम मूल्यः रू. १,२८४/-**
**शेयरको न्यूनतम मूल्यः रू. ६६०/-**
**शेयरको अन्तिम मूल्यः रू. १,२०८/-**
**कारोवार भएको कुल दिनः ५९ दिन**
**कारोवार भएको कुल शेयर संख्या : ३९,३५,९२८**
**कारोबार संख्या : ३९,७५४**

**५) समस्या तथा चुनौति :**

देशमा लघुवित्त वित्तीय संस्थाहरुले शाखा तथा कार्यक्रम विस्तार गर्ने क्रम जारी रहेकोले लघुवित्त क्षेत्र थप प्रतिस्पर्धात्मक एवं चुनौतिपूर्ण बन्दै गएको, कर्जा लगानीमा दोहोरोपना बढेको, कर्जाको व्याजदर घटाउँदै लगिएको तर Cost of Fund मा सोही अनुरुप कमी भई स्थिर दर कायम हुने/नहुने यकिन नभएको, साथै हाल कोभिड–१९ संक्रमणको दोश्रो लहर (Second wave) बढ्दै गएको अवस्थामा नियमित कर्जा लगानी असुलीमा समस्या तथा चुनौतीहरु आउन सक्ने देखिएको छ। यसैगरी कोभिड–१९ को संक्रमण  जोखिमले गर्दा हालसम्म पनि संस्थाको व्यवसाय कोभिड-१९ भन्दा अघिकै अवस्थामा सञ्चालन हुन नसकेको, अवस्थामा हाल कोभिड–१९ संक्रमणको दोश्रो लहर (Second wave) बढ्दै गएकोले संस्थामा नकारात्मक प्रभाव पर्न जाने देखिन्छ। यद्यपि यस परिस्थितिबाट संस्थामा पर्न जाने असरलाई न्यूनीकरण गर्दै आगामी दिनमा संस्थाले श्रोतको उचित व्यवस्थापन एवं सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई संस्थाका काम कारवाहीलाई सुरक्षितसाथ थप चुस्त दुरुस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढाउने र खर्च कटौती गर्दै जाने रणनीति लिइएको छ।

**६) संस्थागत सुशासन :**

यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशनको पूर्णरुपमा पालना गर्नुका साथै संस्थागत सुशासन अभिवृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक कार्य गरिरहेको छ। संस्थाको कार्यक्रम सञ्चालन समेतमा जोखीम कम गरी कारोवारलाई चुस्त, छिटो छरितो,पारदर्शि र सुरक्षित बनाउन सञ्चालक तथा व्यवस्थापन तहबाट विभिन्न नीति नियम तथा निर्देशिकाहरु तयार गरी लागु गरिएको, संस्थाको जोखिम व्यवस्थापन तथा संस्थागत सुशासन सम्वन्धमा लेखाजोखा गर्ने गरिएको छ। नेपाल राष्ट्र बैंकको निरीक्षण, वाह्य तथा आन्तरिक लेखापरीक्षणको प्रतिवेदनका आधारमा संस्थागत सुशासनलाई अझ सुदृढ बनाउन संस्था कटिबद्ध रहेको छ।

**७) सत्य, तथ्यता सम्वन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई शुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।